नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२।८३
चलानी नं. :- १३६६

## सतर्कता अपनाउने सम्बन्धी सूचना।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट २०८२ चैत्र २५ देखि २७ गतेसम्म बागमती प्रदेशको पहाडी र हिमाली भू-भागका केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको भनी सूचना प्रकाशित भएको व्यहोरा जानकारीका लागि अनुरोध छ। हाल रसुवा जिल्लाको अधिकांश भू-भागमा बादल लागिरहेको र उच्च पहाडी एवम् हिमाली भेगमा हिमपात तथा अन्य स्थानमा वर्षा सहित हावाहुरीको समेतको सम्भावना रहेको देखिन्छ। तसर्थ, जिल्लावासी आम जनसमुदाय एवम् यस जिल्लामा पदयात्रामा रहनु भएका स्वदेशी/विदेशी पर्यटकहरुले पदयात्रा गर्दा उच्च सतर्कता अपनाउनु हुन र सुरक्षित स्थानमा बस्नुहुन अनुरोध छ। साथै, पदयात्रामा निस्कनुअघि मौसम सम्बन्धी पूर्व सूचना एवम् जानकारी लिनु हुन र पदयात्राका क्रममा कुनै विपद्जन्य घटना घट्न गएमा सम्बन्धित स्थानीय तह, स्थानीय जनप्रतिनिधि, नजिकको सुरक्षा इकाई तथा स्थानीय प्रशासनलाई यथाशिघ्र जानकारी गराउनु हुन समेत अनुरोध छ।

मिति २०८२।१२।२५, ने.स.११४६।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी

**तत्काल सम्पर्कको लागि**

१. जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, रसुवा (DEOC)- ०१०-५४००१९(२४सैं घण्टा)
- ९८४१६७४०६६